बाल सन्दर्भसामग्री


**बालबोध - ३०**





# हाम्रा वरपरका केही साना-ठूला जीव-जनावरहरू



(विज्ञान तथा वातावरण शिक्षासम्बन्धी सामग्री)







590
SHR-h
2059 c.2

बाल सन्दर्भसामग्री

बालबोध - ३०

# हाम्रा वरपरका केही साना-ठूला जीव-जनावरहरू

(विज्ञान तथा वातावरण शिक्षासम्बन्धी सामग्री)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**लेखन :** डा. तेजकुमार श्रेष्ठ

**सम्पादन :** जयप्रसाद लम्साल

**भाषा सम्पादन :** गणेश भट्टराई

**चित्राङ्कन :** गङ्गाधर शारु

**आवरणविन्यास :** गौतम मानन्धर

**रूपविन्यास :** नविन्द्र राजभण्डारी

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

Ac·1039 C2

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौँ

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये वाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकवाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्ततः व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि वढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि वढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई वढाई विद्यार्थीहरूलाई विद्याव्यसनी वनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने वानी वसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित वनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न अठ्ठाईस शीर्षकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्षक समेत अव तीन दर्जन भन्दा वढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त वनाउने प्रयास पनि भइरहेको छ ।


हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्‌बाट सल्लाह र सुझावको अपेक्षा सदाझैँ राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौँ ।


शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी,भक्तपुर


२०५९


# विषयक्रम



| | | |
|---|---|---|
| १. | चौंरीगाई | १ |
| २. | कस्तुरी मृग | ४ |
| ३. | डाँफे | ६ |
| ४. | हात्ती | ८ |
| ५. | गैँडा | ११ |
| ६. | कमिला | १३ |
| ७. | डल्फिन | १५ |
| ८. | काँडेभ्याकुर (स्पाइनी ब्याबलर) | १८ |
| ९. | गौँथली | २० |










# १ चौँरीगाई



चौँरीगाई हिमाली भागमा पाइने जनावर हो । गाईको जस्तो रूप भएको हुनाले यसलाई चौँरीगाई भन्छन् । चौँरीगाईलाई 'याक' पनि भन्छन् । यो लगभग ३,००० मिटरदेखि ५,००० मिटरसम्मको उचाइमा पाइन्छ । हाम्रो देशमा चौँरीगाई लाङ्टाङ, सोलुखुम्बु, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला आदि ठाउँमा पाइन्छ । रुस, चीन, भारत र तिब्बतको पठारमा पनि चौँरीगाई पाइन्छ ।

यसको शरीरभरि बाक्लो भुवादार रौँ हुन्छ । यसको पुच्छरको रौँ झ्यापुल्लो हुन्छ । यसको निधार उठेको हुन्छ । यसका सिङहरू अति तीखा हुन्छन् । चौँरीगाईको तौल ५४५ किलोसम्म हुन्छ । यसको उचाइ ६ फिटसम्म हुन्छ ।

घरमा पालेका चौँरीगाईलाई घरपालुवा भन्छन् । जङ्गलमा बस्नेलाई जङ्गली चौँरीगाई भन्छन् । घरपालुवा चौँरी र वन चौँरी एकै जातिका हुन् । वन चौँरीको रौँ बढी झ्यापुल्ले हुन्छ ।

हिमाली भेगका वनहरूमा पहिलेपहिले जङ्गली चौँरीगाई धेरै पाइन्थे । मानिसहरूले यी गाईहरू बस्ने ठाउँमा खेती र सिकार गरेकाले जङ्गली चौँरीगाई हराउँदै गइरहेको छ । अहिले नेपालमा चौँरीगाई जम्मा ५,००० देखि ६,००० ओटा जति रहेको अनुमान गरिएको छ ।

घरपालुवा चौँरीगाईलाई 'झोपा' भन्छन् । घरपालुवा चौँरीगाईहरू गोठमा बस्छन् । चौँरीगाई चर्ने ठाउँलाई 'चौँरीखर्क' भन्छन् । गोठालाहरूले एकाबिहानै चर्नका लागि यिनीहरूलाई चौँरीखर्कमा लान्छन् । धेरैजसो चौँरीगाईको घाँटीमा घण्ट झुन्ड्याइएको हुन्छ । चौँरीगाई चरनमा लग्दा र फर्काउँदा टनङ्ग ... टनङ्ग ... घन्ट बजेको रमाइलो आवाज सुनिन्छ ।

खर्कमा पाइने ससाना रूख, काँडेदार झार र घाँसहरू यसको खाना हो । चौँरीगाई चर्ने चरनमा भर्खरै टुसाएका घाँसहरू हुनु आवश्यक छ । ढुङ्गाका कापमा उम्रने झ्याउ खाएर पनि यसले आफ्नो जीवन निर्वाह गर्छ । चरननजिकै पग्लेका हिउँका ढिक्काहरू खाएर यसले आफ्नो तिर्खा मेट्छ ।

चौँरीगाई सामाजिक जनावर हो । जङ्गली चौँरीगाईहरू चारदेखि दस ओटा सम्मको बथान बनाएर एकै ठाउँमा बस्छन् ।


चौँरीगाईले बेलाबेलामा रौँ सफा गर्न धूलोमा लडीबुडी खेल्छ । कहिलेकाहीँ यो पानीमा आहाल बस्छ । आहाल बसिसकेपछि भिजेको रौँ सुकाउन फेरि धूलोमा लडीबुडी खेल्छ ।

चौँरीगाई चैत-वैशाखमा ब्याउँछ । प्रायःजसो एक बेतमा एउटा बच्चा पाउँछ । बाछो जन्मँदा त्यसको रौँ साना र फुस्रा हुन्छन् । पछि रौँ फेरिएर लामा हुन्छन् ।

हिमाली क्षेत्रका सेर्पा, भोटे, गुरुङ जातिहरूका लागि चौँरीगाई अति काम लाग्ने जनावर हो। दूध, दही, र चिजको लागि यो जनावर पालिन्छ। यसको दहीबाट कडा र मीठो छुर्पी बनाइन्छ। यसलाई खेत जोत्ने र भारी बोक्ने काममा पनि लगाइन्छ। हिमाली क्षेत्रमा मालसामान ओसारपसार गर्ने काममा चौँरीगाईलाई लगाइन्छ। यो जनावर हिउँ भएको गाऱ्हा ठाउँ र दरारहरूमा पनि जान सक्छ। हिमाल चढ्ने मानिसहरूका लागि पनि चौँरीगाई निकै काम लाग्छ।

नेपालको तिब्बती सिमानासँग जोडिएको ठाउँमा बस्ने मानिसहरूले चौँरी र गाईको क्रसबाट 'जोफो' नामको नयाँ चौँरीगाई जन्माएका छन्। यसरी जन्मिएका भालेलाई 'जोफो' र पोथीलाइ 'जोमो' भन्छन्। यी उन्नत जातका चौँरीगाईहरू धेरै दूधालु हुन्छन्। यसको शरीरमा लामोलामो सुनकेस्रा जस्ता रौँ हुन्छन्। खेत जोत्नमा गोरुभन्दा जोफो बलियो हुन्छ। जोफोले जतिसुकै सुख्खा जमिन भएपनि सजिलै जोत्न सक्छ।

# २ कस्तूरी मृग



कस्तूरी मृग हिमाली भेकतिर पाइने जनावर हो । कस्तूरी मृग नेपालमा जुम्ला, हुम्ला, लाङ्टाङ, धोरपाटन, मनाङ, मुस्ताङमा पाइन्छ । यो भारत, पाकिस्तान, भुटान, रुस र चीनको हिमाली प्रदेशमा पनि पाइन्छ ।

यो सानासाना बुटा भएका वनमा बस्छ । भाले कस्तूरी मृग धेरैजसो एक्लै हिँड्छ र एकलकाटे जीवन बिताउँछ । हिमचितुवा, वनकुकुर, ब्वाँसो कस्तूरी मृगका शत्रु हुन् । सिकारीहरू यसका अझ ठूला शत्रु हुन् । शत्रुबाट बच्न यो डाँडा, पहरा र ढुङ्गाका कापमा लुक्छ । यो बिहान सबेरै चर्न निस्कन्छ । दिउँसो ओडारमा वा रूखको फेदीमा आराम लिन्छ ।

कस्तूरी मृगको सिङ हुँदैन । भाले कस्तूरीको मुखको तल्लो भागबाट तीखा दाह्रा निस्केका हुन्छन् । कस्तूरीको रौँ खैरो र कालो मिसिएको हुन्छ । यसको कान लामो हुन्छ । यो साह्रै डराउने र लाज मान्ने जनावर हो । तर यो अति टाठो पनि हुन्छ ।

पोथी कस्तूरी मृगले एक पटकमा एउटा मात्र पाठा वा पाठी जन्माउँछ । तर कहिलेकाहीँ दुईतीन ओटासम्म पनि जन्माउँछ ।

भाले मृगको नाइटोमा बिना हुन्छ । बिनाभित्र वास्नादार कस्तूरी हुन्छ । औषधिको रूपमा कस्तूरीको निकै प्रयोग गरिन्छ । त्यसैले कस्तूरी मृगको बिना अति मूल्यवान् हुन्छ ।

यसलाई नमारीकन पनि विना निकाल्न सकिन्छ । रुस, चीन, भारत आदि देशमा यसको पालन केन्द्र खोलिएका छन् । कस्तूरी ताजा छँदा बाक्लो, लस्सादार तरल पदार्थजस्तो हुन्छ । सुकेपछि कडा र चामलको कनिकाजस्तो हुन्छ । एउटा भाले मृगवाट करिव ३० ग्राम जति कस्तूरी निकाल्न सकिन्छ ।

नेपालमा सिकारीहरू विनाको लागि यस मृगलाई मार्छन् । यो दुर्लभ जनावर हो । कस्तूरी मृगलाई लुकीछिपी पासो थाप्ने, धरापमा पार्ने, विष हाल्ने जस्ता काममाथि रोक लगाउनुपर्छ । यसलाई जोगाउनु अति आवश्यक भइसकेको छ । हाम्रो देशमा पनि कस्तूरी पालन केन्द्र खोल्न सके यसको संरक्षण हुने थियो ।

# ३ डाँफे

डाँफे नेपालको राष्ट्रिय चरा हो। डाँफेलाई 'फिजेन्ट (Pheasant)' जातिका चरा भन्छन्। यो चरा हेर्नमा अति राम्रो हुन्छ। यो हिमाली भेगमा पाइन्छ। यो धेरैजसो २,७०० मिटरदेखि ५,००० मिटर उचाइका ठाउँहरूमा पाइन्छ।


यो पाखापखेरा, गुराँस, धूपी र सल्लाको जङ्गलमा बस्छ। डाँफे जाडोमा पहाडी भागको तलतिर झर्छ र हिउँदको अन्त्यतिर हिमरेखातिर लाग्छ। यो सगरमाथा, लाङ्टाङ, सेफोकसुन्डो, खप्तड राष्ट्रिय निकुञ्ज, मकालुवरुण राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज साथै अन्नपूर्ण संरक्षित क्षेत्रतिर पाइन्छ।

भाले डाँफे पोथीभन्दा टलकदार र चहकिलो हुन्छ। यसको प्वाँख चहकिलो र बुट्टेदार हुन्छ। यसको प्वाँख रङ्गीविरङ्गी हुने हुनाले यसलाई नौरङ्गी डाँफे पनि भन्छन्। भाले डाँफेको टाउकोमा सिउर (क्रेस्ट) हुन्छ। जेठ महिनातिर वनजङ्गलमा डाँफे नाचेको रमाइलो दृश्य देख्न पाइन्छ। यो आफ्नो चहकदार पखेटा फैलाएर नाच्छ। भाले डाँफे नाच्दा पङ्खाजस्तो गोलाकार पुच्छर बनाउँछ।

पोथी डाँफे भालेजस्तै देखिए पनि बहुरङ्गी हुँदैन। यसको प्वाँख फुस्रो र छिरबिरे खालको हुन्छ। डाँफेको आँखाको चारैतिर नीलो छालाले घेरिएको हुन्छ।

पोथी डाँफेले पहाडको कन्दरामा अथवा ढलेको रूखको टोड्कामा गुँड बनाउँछ। डाँफेको गुँड साधारण घाँसपात वा उनिउँको पात गाँसेर बनाइएको हुन्छ। असारदेखि साउन महिनासम्म पोथीले फुल पार्न सुरु गर्छ। तिनले चार ओटादेखि छ ओटा बान्की परेका फिका पहेँलोमा कालो थोप्लादार रङ भएको फुल पार्छ। डाँफेको फुल कुखुराको फुलभन्दा अलि सानो हुन्छ। ओथारो बसेको करिब २७ दिनमा फुल कोरलेर पोथीले चल्ला निकाल्छ।

डाँफेका चल्ला पनि कुखुराको चल्लाजस्तै खैरा हुन्छन् । पोथीले चल्लाहरूलाई कुखुराले जस्तै अघिपछि डोहऱ्याएर जमिन खोस्रेर सानासाना किरा ख्वाउँछ । चल्लाको रूपरङ छ महिनामा फेरिन्छ र एक वर्षमा पूरा रूपमा डाँफेको चहकिलो रूपरङ धारण गर्छ । डाँफेको आयु करिब छ वर्षको हुन्छ ।




डाँफे बिहानतिर नजिकका बस्तीहरूको आलुबारीमा आएर कन्दमूल खोस्रेर खान्छ । यसको चुच्चो र खुट्टा धेरै बलियो हुनाले यसलाई खन्ने र खोस्रने काम गर्न सजिलो हुन्छ । डाँफेले कन्दमूल र किराहरू जमिनबाहिर निकालेर खान्छ । यसले भर्खर पलाएका कोपिला, कन्दमूल, रसिलो फलफूल, टुसाएका अन्नका गेडागुडी र घाँस खान्छ ।

डाँफे सामाजिक चरा हो । डाँफेहरू तीनदेखि पाँच ओटा सम्मको समूह बनाएर जमिन खोस्रँदै गरेका देखिन्छन् । यिनीहरू विभिन्न किसिमका स्वर र सुसेली निकाल्छन् र एक अर्कालाई चरिचरनमा आउन इसारा गर्छन् ।

आजकाल डाँफेको सङ्ख्या घटेको छ । यसको मासु अति मीठो हुने हुनाले सिकारीहरू यसलाई मार्न पछि लाग्छन् । चोरी-सिकार र जङ्गलको विनाश यसको सङ्ख्या घट्नुको मुख्य कारणहरू हुन् । त्यसैले डाँफेको सिकार गर्नेहरू र वनमा डढेलो लगाउनेहरूलाई दण्ड-सजाय दिनुपर्छ । डाँफेको फुल चोर्ने र वन फडानी गर्ने काममाथि रोक लगाउनुपर्छ । यसो गरिएमा मात्र डाँफेको संरक्षण हुन सक्छ ।

# ४ हात्ती



हात्ती ठूलो जनावर हो । हात्तीको ठूलो टाउको, नाङ्गलोजस्तो कान र लामो सुँड हुन्छ । यसका खुट्टा खम्बाजस्ता हुन्छन् । यसको तौल चारदेखि पाँच टन सम्मको हुन्छ । यसको आँखा भने सानो हुन्छ । यसको पुच्छर सुँडभन्दा छोटो हुन्छ । पुच्छरमा सानो एक झुप्पा रौँ हुन्छ । यसका सेतो दाह्रा हुन्छन् । हात्तीको दाह्रा वलियो हुन्छ । भाले हात्तीको दाह्रा पोथीको भन्दा ठूलो हुन्छ । यसलाई देखिने दाँत पनि भन्छन् । यसको मुखभित्र चपाउने दाँत हुन्छ । हात्तीले आफ्नो दाह्रा रूखको हाँगा भाँच्न र आफ्नो रक्षा गर्न प्रयोग गर्छ । हात्तीको सुँघ्ने र देख्नेभन्दा सुन्ने शक्ति बढी हुन्छ ।

पहिले हाम्रो देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जङ्गली हात्ती पाइन्थे । हाल यो जनावर चितवन, कञ्चनपुर, बर्दियातिर मात्र पाइन्छ । नेपालबाहिर हात्तीहरू श्रीलङ्का, मलाया, बोर्नियो र सुमात्रामा पाइन्छन् ।

हात्ती घाँस, पात, रूखको बोक्रा खाएर जीवन बिताउँछ। पीपलको हाँगा, पात, बोक्रा आदि यसका मनपर्ने खानेकुरा हुन्। हात्तीले दिनको ३५० किलो सम्मको खाना खान्छ।

हात्ती अनौठो स्वभावको हुन्छ। यो सफा पानी भएको नदी, खोलानालामा नुहाउन र पानी पिउन जान्छ। यो पानीसँग खेल्न अति मनपराउँछन्। यसले सुँडबाट पानी तानेर आकाशमा फालेको दृश्य हेर्न निकै रमाइलो हुन्छ। यो धूलोमा लडीबुडी खेल्न पनि उत्तिकै मन पराउँछ।

भाले हात्तीलाई 'मत्ता' र पोथीलाई 'ढोइ' भन्छन्। कहिलेकाहीँ मत्ता हात्ती मस्त हुन्छन्। मस्त हात्तीलाई बहुलाएको हात्ती भन्छन्। यसबेला हात्तीको सुर राम्रो हुँदैन। यसले मानिसको जीउधन नोक्सान गर्छ। मत्ता हात्तीबाट बचेर हिँड्नुपर्छ। ढोइ हात्ती शान्त स्वभावको हुन्छ। बच्चा भएको समयमा भने यो रिसाउने स्वभावको हुन्छ। हात्तीको स्वभाव सोझो हुन्छ। तर यो रिसाएको बेला आफ्नो अगाडिका सामान र प्राणीहरूलाई सुँडले बेरेर पछार्ने र खुट्टाले कुल्चेर धूलोपिठो बनाउने गर्छ। बाघ पनि हात्तीलाई हमला गर्न डराउँछ।

पोथी हात्तीले करिब २० महिनामा बच्चा जन्माउँछ। हात्ती मङ्सिर-पुसतिर ब्याउँछ। हात्तीले एक बेतमा एउटा बच्चा पाउँछ। हात्तीको बच्चालाई 'छावा' भन्छन्। जन्मदा हात्तीको बच्चाको तौल लगभग ३५० किलोको हुन्छ। हात्ती १०० वर्षसम्म बाँच्छ।

हात्ती पालिने ठाउँलाई 'हात्तीसार' भन्छन्। हात्तीको हेरचाह गर्ने मुख्य मानिसलाई 'माहुत' भन्छन्। हात्तीमाथि बसेर हात्ती चलाउने चालकलाई 'फनेट' भन्छन्। हात्तीको हेरचाह गर्ने मानिसलाई 'पछुवा' भन्छन्। हात्ती सवारीमा लग्दा फनेट गर्दनतिर र पछुवा हात्तीको पुच्छरतिर बस्छन्।


जङ्गली हात्तीलाई सानैमा समातेर तालिम दिइन्छ । ठूलो भइसकेको जङ्ली हात्तीलाई तालिम दिन गाह्रो हुन्छ । तालिम दिइएको हात्तीलाई जङ्लबाट काठ ओसार्ने काममा लगाइन्छ । हात्तीहरू सवारी साधन र भारी बोक्ने काममा पनि प्रयोग गरिन्छ ।

परापूर्वकालदेखि नै मानिसले हात्तीलाई पाल्न थालिसकेका थिए । उनीहरू सिकार खेल्न, शत्रुहरूसँग लड्न, सामान ओसारपसार गर्न हात्तीको उपयोग गर्थे । यसबाहेक मानिसहरूले धेरै पहिलेदेखि नै हात्तीको दाँत र हाडबाट किसिम-किसिमका गहना र बहुमूल्य वस्तु बनाउन जानिसकेका थिए ।

हात्तीलाई सर्कसमा पनि प्रयोग गरिन्छ । सर्कसमा यसले रमाइला खेलहरू देखाउँछ । यसले मानिसहरूले दिएको पैसा सुँडले टिपेर माहुतलाई बुझाउँछ । हात्तीलाई केटाकेटीहरू औधी मनपराउँछन् ।

नेपालमा हात्तीको सङ्ख्या २०० जति छ । यसलाई जोगाउन वनजङ्गलको संरक्षण गर्नु अति आवश्यक छ ।

# ५ गैँडा



हात्तीपछि गैँडा दोस्रो ठूलो जनावर हो । गैँडा पाँच फिटदेखि आठ फिटसम्म लामो हुन्छ । यसको तौल दुई टनसम्म हुन्छ । पोथी गैँडा भालेभन्दा अलि होचो हुन्छ । गैँडाको टाउको डुङ्गा आकारको हुन्छ । यसको मुख घोडाको जस्तो हुन्छ । यसको थुतुनोमाथि एउटा सिङ हुन्छ । गैँडाको सिङलाई 'खाग' भन्छन् । गैँडाको सिङ हाडले बनेको हुँदैन । यो रौँका जत्था लेप्सिएर बनेको हुन्छ । गैँडाको खाग जीवनभरि बढ्दै जान्छ । सिङ भाँचिएमा फेरि पलाएर आउँछ । यसको पुच्छर झुपिलो हुन्छ ।

गैँडाको रूप अनौठो हुन्छ । यसको छाला धेरै बाक्लो हुन्छ । यसको अगाडिको फिरपाटा र पछाडिको खुट्टाको तिघ्रामाथिको छाला अति कडा हुन्छ । यसको शरीरमा गोली छिर्न पनि गाह्रो हुन्छ । त्यसैले उहिलेउहिलेका मानिसहरू बाणको तीर रोक्न यसको छालाबाट ढाल बनाउँथे ।

गैँडा सुकिलो ठाउँमा बस्न रुचाउँदैन । यो घनाजङ्गल र जङ्गल नजिकको घाँसे मैदानमा बस्छ । गैँडालाई गर्मीबाट बच्न नुहाउनको लागि प्रशस्त पानी र आहालको जरुरी पर्छ । त्यसैले यो पानी भएको ठाउँमा बस्न रुचाउँछ ।

गैँडाले घाँसपात, कन्दमूल र फलफूल खान्छ । बाबियो, खर जातिको घाँस र लेउ यसको निकै मनपर्ने खानेकुरा हुन् ।

पोथी गैँडाले १९ महिनामा सरदर दुई ओटा बच्चा पाउँछ । गैँडाको बच्चालाई 'केटाकेटी' भन्छन् । आमा गैँडाले आफ्नो बच्चालाई तीन वर्षदेखि पाँच वर्षसम्म हेरविचार गर्छ । गैँडाको आयु ५० वर्षको हुन्छ ।

गैँडाको हेर्ने शक्ति कम हुन्छ तर सुन्ने र सुँघ्ने शक्ति बढी हुन्छ । यो ठूलो शरीरको भएपनि अति छिटो दौड्न सक्छ । पोथी गैँडा आफ्नो बच्चालाई जोगाउन बाघ, भालु र हात्तीसँग समेत लड्न पछि हट्दैन । गैँडाले प्राय:जसो एकै ठाउँमा दिसा गर्छ । गैँडाको यो बानी थाहा पाएर चोरी-सिकार गर्नेहरू यसको खागका लागि यसले दिसा गर्ने ठाउँमा पासो थापेर मार्ने गर्छन् ।

चिबे, सारौँ, बकुला आदि चराहरू गैँडासँग बस्न निको मान्छन् । यी चराहरू गैँडामाथि चढेका देखिन्छन् । यिनीहरूले गैँडामा लाग्ने जुम्रा र किरा खाइदिन्छन् । गैँडाले कुल्चेको ठाउँमा असङ्ख्य किराफटेङ्ग्रा उफ्रने हुँदा यी चराहरूले प्रशस्त किराहरू खाने मौका पाउँछन् ।

गैँडाको पिसाब विभिन्न रोगका लागि औषधि मानिन्छ । गैँडाको खागलाई अनेक औषधि बनाउने काममा प्रयोग गरिन्छ ।

नेपालमा एकसिङ्गे गैँडा मात्र पाइन्छ । अफ्रिकातिर भने दुईसिङ्गे गैँडा पाइन्छ । गैँडा चितवनको राप्ती नदीको आसपासमा बढी पाइन्छन् । चितवनमा दस वर्षअघि गैँडाको सङ्ख्या घटेर ९८ ओटा भएको थियो तर आजकल यसको सङ्ख्या बढेर ६१२ ओटा पुगेको छ । यसरी यसको सङ्ख्या बढेको कारणले चितवनबाट ३८ ओटा गैँडा बर्दिया राष्ट्रिय निकुञ्जमा सारिएका छन् ।


गैँडा अति महत्त्वपूर्ण जनावर हो । यसलाई जोगाइराख्नु पर्छ । यसका लागि वनजङ्गल बचाउनुपर्छ । गैँडा मार्नेलाई कडा सजाय दिनुपर्छ ।

# ६ कमिला


कमिला सामाजिक किरा हो । हामी जताततै कमिलाहरूको ताँती देख्ने गर्छौं । कमिलाको ढाड हुँदैन । यसको शरीर टाउको, छाती र पेट गरी तीन भाग हुन्छ । यसको आँखा सानो र टल्कने खालको हुन्छ । यसको मुख सानो हुन्छ । मुखमा साना-साना चपाउने अङ्ग हुन्छन् जसले चुस्न, प्वाल पार्न र टुक्र्याउन मद्दत गर्छ । कमिलाका छ औटा खुट्टा हुन्छन् । खुट्टा खण्ड-खण्ड बनी जोडिएका हुन्छन् । कमिला सानो भएपनि यसको शरीरको अनुपातमा गिदी ठूलो हुन्छ । यसैले कमिला धेरै चलाख हुन्छ ।

कमिलाको समूहलाई 'कलोनी' (Colony) भन्छन् । कमिलाको समूहमा रानी कमिला, भाले कमिला, पोथी कमिला र सिपाही कमिलाहरू हुन्छन् ।


पोथी कमिलाका पखेटा हुँदैनन् । यसले फुल पार्दैन । रानी कमिलाले मात्र फुल पार्छ । सिपाही कमिलाहरूले आफ्ना समूहको रेखदेख गर्ने काम गर्छन् । यसबाहेक यिनीहरू लड्ने-भिड्ने, गस्ती गर्ने काम पनि गर्छन् । भाले कमिला अल्छी हुन्छन् । यिनीहरू सन्तान बढाउने काममा मात्र सरिक हुन्छन् । कर्मी कमिलाले विवाह गर्दैनन् । यिनीहरूको काम खानाको व्यवस्था गर्नु हो ।



*भाले कमिला*



*पोथी कमिला*



*कर्मी कमिला*

कमिलाहरू जमिनमुनि, जमिनबाहिर, रूख, पहाड, चट्टानमा पनि बस्न सक्छन् । यिनीहरू ससाना फुच्चे पहाड बनाउँछन् जसलाई 'एन्ट हिल' (Ant hill) भन्छन् । यिनीहरू आफ्नो पहाडमा उपनिवेश खडा गर्छन् ।


कमिलाहरू आफ्नो सङ्गठन बनाउन अति सिपालु हुन्छन् । यिनीहरूले आफ्नो रक्षाको लागि सेनाहरू राखेका हुन्छन् । परेको खण्डमा यिनीहरू शत्रु सेनामाथि हमला गरी कब्जामा लिन्छन् । कब्जामा लिएको ठाउँ र त्यसका सेना र फुलबाट जन्मेका बच्चाहरूलाई पनि नोकर बनाउँछन् ।

कमिला प्राकृतिक सन्तुलनको लागि आवश्यक जीव हो । यिनीहरू सडेगलेका चीजहरू र मरेका जीवजन्तुहरू खान्छन् । यिनीहरू च्याउ, फलफूल, पराग र फूलको रस (Necter) पनि खान मन पराउँछन् । यिनीहरू आफूभन्दा ठूला किराहरू माकुरा, लाभ्रे किरा, गुहेकीराको पनि सिकार गरेर खान्छन् । कमिलाहरू दुलोमा गुँड बनाउँछन् ।

संसारमा दुइ हजारभन्दा बढी जातका कमिलाहरू छन् । यी कमिलाहरू सानोखाले देखि ठूलाखाले छन् । सबभन्दा ठूलोखाले कमिला अफ्रिकामा पाइन्छन् । अफ्रिकाको ठूलोखाले कमिला तीन सेन्टीमिटरसम्मको हुन्छ । नेपालमा करिब २०० देखि ४०० प्रकारका कमिलाहरू पाइएका छन् ।

कमिलाबाट हामीले परिश्रमी बन्न, समूहमा मिलेर बस्न, सङ्कटको सामना गर्ने जस्ता शिक्षा पाउँछौं ।

# ७ डल्फिन (सोँस)



डल्फिन शान्त स्वभावको जनावर हो । नेपालमा यो गण्डकी, कोसी, कर्णाली र महाकाली नदीहरूमा पाइन्छ । यसको शरीर माछाको जस्तो हुन्छ । यसको टाउको ठूलो र थुतुनो लामो हुन्छ । यसको थुतुनोमा २७ ओटादेखि ३२ ओटा दाँत हुन्छन् । यसको तालुमा नाकजस्तो प्वाल हुन्छ । यसले तालुको प्वालबाट सास फेर्छ । सास फेर्न डल्फिन हरेक ३० सेकेन्ददेखि ४५ सेकेन्डमा पानीमाथि आउँछ । सास फेरिसकेपछि फेरि पानीभित्र डुब्छ । पौडिनको लागि यसका बलिया पखेटाहरू हुन्छन् । जसलाई 'फ्लिपर' भन्छन् । नेपालमा पनि डल्फिन भएको कुरा डा. तेजकुमार श्रेष्ठले पत्ता लगाएका थिए ।

डल्फिनका अरू जातहरू चीन, भारत, पाकिस्तानमा पनि पाइन्छन् । चीनमा पाइने डल्फिन पहेँलो रङको हुन्छ । यसलाई 'वेजी' भन्छन् । पाकिस्तानमा पाइने डल्फिनको थुतुनो अलि सानो हुन्छ ।

डल्फिनलाई धार्मिक मानिसहरू गङ्गाको अवतार मान्छन् । यसलाई उनीहरू 'भागिरथ' भनेर पनि बोलाउँछन् ।

यसले मानिसले जस्तै नौ महिनापछि सालनालसहित बच्चा जन्माउँछ । यसले आफ्नो दूध खुवाई बच्चालाई ठूलो पार्छ । बच्चा डल्फिनले आठ महिनासम्म आमाको दूध पिउँछ । झन्डै दुई वर्षपछि मात्र बच्चा आमासँग छुट्टिएर बस्छ ।

डल्फिन एकै ठाउँमा बस्न रुचाउँदैन । यो माछाको सिकारमा नदीमा तलमाथि गरिरहन्छ । डल्फिनले जालमा परेका आफ्ना साथीलाई पनि बचाउँछ । पानीमा डुबेर अलपत्र परेका मानिसहरूलाई पनि डल्फिनले बचाउँछ भन्ने भनाइ छ ।

डल्फिनहरू तीनचार ओटाको समूहमा बाँडिएर माछाको सिकार गर्छन् । डोल्फिनले माछालाई हिर्काएर किनारामा ल्याउँछ र आफ्नो तिखा दाँत भएका थुतुनोले छोप्छ । माछा छोपेर कहिलेकाहीँ पानीबाहिर हावामा देखाउँछ । यसले गङ्गटा, सङ्खकिरा, झिँगेमाछा पनि खान्छ ।

डल्फिन मानिसदेखि डराउँदैन । यो मानिसहरूसँग खेल्न रुचाउँछ । डल्फिनले विचित्र किसिमको बोलाइ र हँसाइको आवाज निकाल्छ । यसलाई मानिसपछिको सबभन्दा बुद्धिमान् जनावरको रूपमा मानिएको छ ।

यो डुङ्गा तार्ने ठाउँ अथवा घाटको गहिरोमा बस्न बढी रुचाउँछ । कहिलेकाहीँ डल्फिन डुङ्गाको पछिपछि लागेर उफ्रन्छ । यो दृश्य हेर्न अति रमाइलो हुन्छ । डल्फिन पानीसँग खेल्न औधी मनपराउँछ । पानीमा पल्टनबाजी खेल्नु, उफ्रनु र डुब्नु डल्फिनको स्वभाव नै हो । डल्फिन एक ठाउँमा डुबेर अर्को ठाउँबाट निस्कन्छ ।

डल्फिन विभिन्न खेल र दाउपेच देखाउनमा पनि खप्पिस हुन्छ । पानीमा भकुन्डो खेल्ने, रिङभित्र पसी निस्किने जस्ता खेलहरू यसले मजासँग खेल्न सक्छ । त्यसैले विभिन्न देशका चिडियाखानाहरूमा डल्फिनहरूलाई मनोरञ्जनका लागि एक्वारियमभित्र राखिएका हुन्छन् ।

नदी र समुद्रका पानी झन्झन् फोहोर हुँदै जानु, डुङ्गा र जहाजको बढी प्रयोग हुनु, मानिसको हौहल्ला बढी हुनु र जथाभावी बाँध बन्नाले संसारमा नै डल्फिनको सङ्ख्या घट्दो छ । त्यसैले पानीमा बस्ने यो शान्त र बुद्धिमान् जनावरलाई हामीले जोगाउनुपर्छ । यसलाई जोगाउन यो बस्ने ठाउँमा माछा मार्ने काम, बल्छी हाल्ने काम, बम हान्ने जस्ता अपराधी काम गर्नु हुँदैन । डल्फिन बस्ने पानी अति सफा हुनुपर्छ । घुमिरहनु पर्ने स्वभावको भएकोले यसका लागि नदीमा तलमाथि गर्न जल-भऱ्याङ बनाउनु पर्छ ।

नेपालमा जलनिकुञ्ज बनाई डल्फिन पाल्नुपर्छ र डल्फिनको बच्चाहरूलाई तालिम पनि दिनुपर्छ । यसो गर्न सकिएमा हाम्रो देशमा पनि यो जनावरको सङ्ख्या बढ्ने थियो ।

# ८ काँडेभ्याकुर

काँडेभ्याकुर नेपालमा मात्र पाइने चरा हो । यसलाई अङ्ग्रजीमा 'स्पाइनी ब्याबलर' भन्छन् । यो चरा संसारको अरू भागमा पाइँदैन । त्यसैले यो हाम्रो देशको नै गौरव हो ।

नेपालमा पहिलो पल्ट सर वाचन हडसनले काँडेभ्याकुर पत्ता लगाएका थिए । करिब ११० वर्षपछि डा. रिप्लेले फेरि यसलाई पत्ता लगाए । डा. फ्लेमिङ्ले र डा. तेजकुमार श्रेष्ठले यस चराको आनिबानीबारे अध्ययन गरेका थिए ।

काँडेभ्याकुरको शरीर कालो, खैरो, भुत्लादार प्वाँखले ढाकिएको हुन्छ । यसको पेटमा सेतो भुवादार प्वाँखहरू मिसिएको हुन्छ । यसको टाउको, घाँटी, छाती र पिठचूँ मसिनो काँडेदार प्वाँखले ढाकेको हुन्छ । यसको प्वाँखको टुप्पो काँडाजस्तै तिखो भएकाले यसलाई काँडेभ्याकुर भनिएको हो ।


काँडेभ्याकुर वनको सानासाना झाडीमा पाइन्छ । यो जङ्गल काटेर बनेको झाडीमा बस्न मनपराउँछ । यसले अमला, ऐँसेलु, टुनीको रूखमा गुँड बनाउँछ । यसले रूखको झाङमुनि बसेर किरा, माकुरा, चिप्लेकिरा, फटेङ्ग्राको सिकार गर्छ ।

यो चरा अति डराउने खालको हुन्छ । खतराको सङ्केत मिल्नासाथ ओह्रालोतिर उड्छ र झाडीमुनि लुक्छ । यो देख्दादेख्दै बेपत्ता हुन्छ । बिहान घाम झुल्किने बित्तिकै यसले रूखको टुप्पामा बसेर सुरीलो स्वर निकाल्न थाल्छ । यसले जुरेली, भद्राइ, चिबेको आवाजको पनि नक्कल गर्छ ।

काँडेभ्याकुरले फागुन-चैतमा गुँड लाउँछ । यसको गुँड साधारण पातपतिङ्गर र घाँस जोडेर बनाइएको हुन्छ । पोथी काँडेभ्याकुरले जेठ-असारतिर चार


ओटादेखि छ ओटासम्म फुल पार्छ । यसका फुलहरू नीला र बान्की परेका हुन्छन् । यसले १८ दिनदेखि २२ दिनसम्म ओथारा बसेपछि बचेरा निकाल्छ । बचेराहरू तीन महिनादेखि पाँच महिनामा उ्डन सक्छन् ।

लोखर्के, न्याउरीमुसा, लाटोकोसेरो, चमेरो र चरीबाघ यसका शत्रु हुन् । काँडेभ्याकुर बस्ने ठाउँ नासिँदै गएको हुनाले यसको सङ्ख्या दिनदिनै घट्दै गइरहेको छ । यसलाई हामीले जोगाउनु पर्छ । यो बस्ने झाडी भएको ठाउँमा ढुङ्गाखानी खन्ने र खोस्रने काम गर्नु हुँदैन । यसका लागि झाडीदार रूख, पारिलो घाम र पानीको मूल अति आवश्यक हुन्छ । यसैले पातपतिङ्गर टिप्ने, कुवा र मूल सुकाउने काम गर्नु हुँदैन । यो चरा बस्ने वनमा डढेलो लगाउनु हुँदैन ।



# ९ गौँथली

A·1039 C2



गौँथलीको पूरा शरीर कालो-खैरो हुन्छ । गौँथलीको पिठ्यूँ गाढा नीलो हुन्छ । यसको पेटको भाग पूरा सेतो हुन्छ । यसको पुच्छर माछ्राको पुच्छर आकारको हुन्छ । गौँथली प्रति घण्टा १६० किलोमिटर उड्छ ।

गौँथली घुमन्ते स्वभावको चरा हो । यो सानो चरा भए पनि देशदेशावरको भ्रमण गरिरहन्छ । यो भूमध्यरेखादेखि ध्रुवीय प्रदेशसम्म भ्रमण गर्छ । यो चरा हिउँदमा न्यानो ठाउँतिर बस्छ र गर्मीयाममा शीतल ठाउँमा बसाइ सर्छ । नेपालमा पनि प्राय: सबै ठाउँमा गौँथली पाइन्छ । यहाँ नौ थरीका गौँथली पाइन्छन् ।


गौँथली दुई जातिका हुन्छन् । खुट्टा बलियो हुने गौँथली तारबारमा बस्छन् । यिनीहरूलाई 'स्वालो' (Swallow) भन्छन् । अर्को खुट्टा कमजोर हुने गौँथलीलाई 'स्वीफ्ट' (Swift) भन्छन् । यसलाई 'बतासे गौँथली' पनि भन्छन् ।

गौँथली मानिसदेखि डराउँदैन । गौँथलीले अति मेहनत गरेर माटोको गुँड बनाउँछ । यसले मानिस बस्ने कोठाभित्रै पनि गुँड बनाउँछ । कुनै जातको गौँथली घरको छाना, दलानमा नै बस्छन् । कुनै गौँथली पर्खाल र गुफा, डाँडा र चट्टानमा बस्छन् । कुनै गौँथली ताडको रूखमा बस्न रुचाउँछन् ।

पोथी गौँथलीले एक खेपमा तीनदेखि छ ओटासम्म फुल काड्छ । पोथीले २० दिनदेखि २४ दिनसम्ममा फुल कोरलेर बच्चा निकाल्छ ।

गौँथलीले कति मेहनत गरेर आफ्नो घर बनाउँछ, त्यसबाट हामीले पनि मेहनत गर्नुपर्छ भन्ने शिक्षा पाउँछौँ ।

# विचार पुऱ्याऔं है





सडकमा नखेलौं ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔं ।




सुरक्षित भएर हिँडौं ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौं ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौं ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९